का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ साउन २०८१,
बुधबार
24 July 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १६२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



दाङको घोराहीमा उपमहानगरपालिका-६ गुरुवागाउँका किसान रोपाइँको लागि बीउ उखेल्दै । तस्वीरः रञ्जिता अधिकारी, रासस

ट्रंकलाइन विवाद

# सत्तारुढ नै विभाजित

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

डेडिकेटेड र ट्रंकलाइन विवाद केही महिनाका लागि सरेको छ । तीन महिनाभित्र उद्योगीहरूले बक्यौता महसुल भुक्तानी नगरेमा पुनः नियम अनुसार बक्यौता रकम असुली गर्ने सर्तमा नेपाल विद्युत् प्राधिकरणले उद्योगहरूको बिजुली जोड्ने निर्णय गरेसँगै विवादको विषय केही समयका लागि धकेलिएको हो ।

बिजुली महसुल विवादमा प्राधिकरणले २५ असारदेखि रिलायन्स स्पिनिङ मिल, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा स्टिल, जगदम्बा सेन्थेटिक र हुलास स्टिल गरी ६ उद्योगको लाइन काटेको थियो । मंगलबार बसेको विद्युत् प्राधिकरणको बोर्ड बैठकले ती उद्योगहरूमा बिजुली जोड्ने निर्णय गरेको हो ।

तर यो निर्णयका लागि सरकार र विद्युत् प्राधिकरणबीच भएको बहसले सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसबीचको बुझाइलाई सतहमा ल्याइदिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत शुक्रबार लाइन जोडिदिन कार्यकारी निर्देशक कुलमान घिसिङलाई दिएको निर्देशन दिएका थिए । यस विषयमा कांग्रेसका सभापति शेरबहादुर देउवाले चासो राखेका थिए ।

सभापति देउवा र प्रधानमन्त्री ओलीबीच मंगलबार प्रधानमन्त्री निवास वालुवाटारमा भेटवार्ता भएको थियो । उक्त भेटमा विवाद मिलाउने र यसका लागि केही समय चाहिने

> डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादको विषयलाई लिएर सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र प्रमुख सत्ताघटक नेपाली कांग्रेसबीचमा फरक मत देखा परेको छ । तर यसले गठबन्धनमा कुनै असर पर्न नदिने नेताहरुको प्रतिबद्धता छ ।

विषयमा छलफल भएको थियो । यसआधारमा प्राधिकरणले समेत तीन महिनाभित्र महशुल तिर्नुपर्ने गरी विद्युतको लाइन जोडिएको नेताहरू बताउँछन् ।

केही महिनाका लागि यो विवाद धकेलिएतापनि डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादको विषयलाई लिएर सरकारको नेतृत्वकर्ता दल एमाले र कांग्रेसकाबीचमा फरकमत सतहमा देखा परेको हो । तर, यही विषयलाई गठबन्धनमा कुनै असर पर्न नदिन नेताहरूको प्रतिवद्धता छ ।

नेताहरूका अनुसार कांग्रेस डेडिकेटेड र ट्रंकलाइन बक्यौता उठाउनुपर्ने पक्षमा छ । बक्यौता उठाउनुपर्छ भन्नेमा विवाद गर्न नहुने पक्षमा पार्टी रहको बताउँछन् ।

उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका लगायतले कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटेका थिए । त्यसबेला सभापतिले कानुन अनुसार हुन्छ भनेर पठाएका थिए ।

ट्रंकलाइन विवादमा सत्तारुढ दल एमाले र कांग्रेस नै विभाजित रहेको संसदमा नेताहरूको प्रस्तुतीले प्रष्ट पारेको नेताहरु बताउँछन् ।

एमालेका सांसदहरू ट्रंकलाइन विवादमा विद्युत प्राधिकरणको आलोचनामा उत्रँदा कांग्रेस सांसदहरू मौन बसेका छन् । माओवादी केन्द्रका नेताहरू भने सरकारको नेतृत्व बक्यौता नउठाउने पक्षमा देखा परेको भनेर आलोचनामा उत्रिएका छन् ।

एमालेका सांसद पदम गिरी डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई अनावश्यक आरोपित गरेको बताए ।

विगतमा लामो समयदेखि ऊर्जा मन्त्रालयको नेतृत्व माओवादीले गर्दै आएको र समस्या समाधान हुन नसकेको उनको टिप्पणी छ । तत्कालीन नेतृत्वले विवाद समाधान गर्न नसकेको र अहिले आएर यो विषयमा सरकारमाथि प्रश्न उठाएको भन्दै यो अमिल्दो रहेको बताए ।

उद्योगीहरूले लाल आयोगले सिफारिस गरे अनुसार महसुल तिर्न तयार रहेको बताइरहेको उनले बताए । त्यसका तथ्य र प्रमाण चाहियो भनिरहेको स्मरण गरे ।

'तर विद्युत् प्राधिकरणले आज टीओडी मिटर रिडिङको रिपोर्ट किन आज सरकारलाई दिन पृष्ठ २ मा

# काठमाडौं उपत्यकामा हैजा



## पोलियो पनि भेटियो

ललितपुरका एक किशोर हैजा संक्रमित भएको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले पुष्टि गरेको छ । अस्पतालका अनुसार उपचाररत अन्य दुई जनामा हैजाको लक्षण देखिएको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

काठमाडौं उपत्यकामा हैजा संक्रमणका बिरामी फेला परेका छन् । ललितपुरका एक किशोर हैजा संक्रमित भएको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले पुष्टि गरेको छ । अन्य दुई जनामा हैजाको लक्षण देखिएको छ । अस्पतालका अनुसार उपचारका लागि पुगेका ललितपुरका १६ वर्षका किशोरमा हैजाको संक्रमण फेला परेको हो ।

अस्पतालका अनुसार ति किशोर गत शुक्रबार उपचारका लागि अस्पताल पुगेका थिए । मंगलबार हैजा पुष्टि भएको हो ।

चिकित्सकहरूका अनुसार आरटी रिपोर्टमा हैजा पोजेटिभ देखिएपछि अस्पताल भर्ना गरिएको थियो । हैजाको संक्रमण पुष्टि भएपछि ति किशोरलाई टेकुमै राखिएको छ । उनको आइसोलेसनमा राखेर उपचार भइराखेको छ ।

अस्पतालका अनुसार हैजा पुष्टि भएका किशोर ललितपुरको गोदावरी नगरपालिका वडा नम्बर १४ का हुन् । गोदावरी बाटै अन्य दुई-तीनजनालाई अस्पताल ल्याएर परिक्षण गरिएको छ । आइसियूमा उपचाररत एकजनालाई हैजाका लक्षण देखिएको छ । लक्षण देखिएकालाई परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा कल्चर गराउन पठाइएको छ । तर, हैजा संक्रमण भए/नभएको पुष्टि भएको छैन ।

हैजाका संक्रमण देखिएका तेस्रो व्यक्तिको रिपोर्ट आउन बाँकी छ ।

यसैगरी, उपत्यकामा पोलियो पनि भेटिएको छ ।

उपत्यकाका विभिन्न ५ ठाउँको ढलबाट महिनाको २ पटक नमूना लिएर पोलियोको भाइरस भए नभएको हेर्ने गरिएको छ । यही क्रममा २०८१ जेठ १३ गते काठमाडौंको टुकुचा र बागमती दोभानमा वागमती नदीतर्फको खण्डबाट ढलबाट आएको पानी नमूनाका रुपमा लिइएको थियो । उक्त नमूनामा डिप्राइभ्ड पोलियोको भाइरस-३ भेटिएको हो । यसको रिपोर्ट २०८१ असार २९ गते आएको थियो । प्रयोगशाला परीक्षणमा यो भाइरस मुखबाट दिइने पोलियो भाइरसको उत्परिवर्तन भएको पृष्ठ २ मा

# बागमतीको मुख्यमन्त्रीमा लामा

## बुधबार शपथ ग्रहण, कांग्रेसलाई ७, एमालेलाई ६ मन्त्रालय

**राजकुमार केसी/मध्यान्ह**
मकवानपुर, ८ साउन ।



बागमती प्रदेशको मुख्यमन्त्री पदमा नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा नियुक्त भएका छन् ।

लामालाई प्रदेश प्रमुख यादवचन्द्र शर्माले मंगलबार नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन् ।

नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का ६४ जना प्रदेशसभा सदस्यको हस्ताक्षरसहित लामाले प्रदेश प्रमुख शर्मासमक्ष मुख्यमन्त्री पदमा दाबी पेस गरेका थिए ।

आइतबार मुख्यमन्त्री शालिकराम जम्कट्टेलले दिएको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख शर्माले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि मंगलबार साँझ ५ बजेसम्म दाबी पेश गर्न आह्वान गरेका थिए ।

नवनियुक्त मुख्यमन्त्री लामाको सपथग्रहण कार्यक्रम बुधबार बिहान ११ बजे हुने प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । बुधबार नै मुख्यमन्त्री लामाले कांग्रेसबाट सात र एमालेका छ गरी १३ सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने तयारी रहेको कांग्रेस संसदीय दलका सचेतक गोविन्दप्रसाद लम्सालले बताए ।

बागमती प्रदेशमा लामा कांग्रेसको तर्फबाट पहिलो र बागमती प्रदेशको पाचौं मुख्यमन्त्री हुन् । गत संसदीय निर्वचनमा नुवाकोट क्षेत्र नं. २ (ख)बाट प्रदेश सभा सदस्य पदमा निर्वाचित लामा तामाङ समुदायबाट मुख्यमन्त्री पदमा नियुक्त हुने पहिलो ब्यक्ति समेत हुन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को समर्थनमा बागमती प्रदेश सरकारको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका बहादुर सिंह लामा नियुक्त भएसँगै यी दुई दलबीच मन्त्रालय बाँडफाँटको समेत सहमति भएको छ ।

मंगलबार भएको सहमतिअनुसार नेपाली कांग्रेसले आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय लिनेछ । त्यस्तै नेकपा एमालेले भौतिक पूर्वाधार मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय लिनेछ ।

बागमती प्रदेशमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल हो । कांग्रेसका ३७ सांसद छन् भने एमालेका २७ जना रहेका छन् । माओवादी केन्द्रका २१ जना रहेका छन् । राप्रपाका १३ जना छन भने एकीकृत समाजवादीका ७ जना रहेका छन् । माओवादी केन्द्र, राप्रपा, एकीकृत समाजवादी प्रतिपक्षमा छन् ।

११० सदस्यीय बागमती प्रदेशमा कांग्रेस र एमाले मिल्दा बलियो सरकार बनेको छ ।

वैदेशिक रोजगार विशेष

# संख्या सय समस्याले आफू नैतिक बन्धकमा रहेको श्रममन्त्री भण्डारीको भनाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्ने विषयमा आफू नैतिक बन्धकमा रहेको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा विभिन्न राजनीतिक दल निकट घटक संस्थाहरुको संयुक्त शुभकामना तथा बधाई कार्यक्रमलाई मंगलबार सम्बोधन गर्दै मन्त्री भण्डारी उक्त जानकारी दिएका हुन् ।

गत वर्ष वार्षिक सय जना कामदार पठाउन नसकेका म्यानपावर व्यवसायीको समेत इजाजत नवीकरण गर्न वैदेशिक



रोजगार ऐन २०६४ को दफा ८२ अन्तर्गत बाधा अड्काउ फुकाउन मन्त्रिपरिषद्मा लगेको स्मरण गर्दै मन्त्री भण्डारीले भने, 'अघिल्लो वर्ष म आफैंले मन्त्रिपरिषद्मा प्रस्ताव लगेर सय संख्या पुर्‍याउन नपाएका व्यवसायीको इजाजत नवीकरण हुने व्यवस्था गरेको अवस्थामा यस वर्ष हुँदैन भन्न सक्ने अवस्थामा म छैन । सय संख्या आवश्यक र तार्किक छैन भन्ने विषय वैदेशिक रोजगार ऐनमा संशोधनको निर्णयले पुष्टि गरेको छ । तर यसका लागि सबैको एउटै र सकारात्मक दृष्टिकोण बन्न जरुरी छ ।'

यसअघिको सरकारका श्रममन्त्री डोलप्रसाद अर्यालले बाधा अड्काउ फुकाउ आदेशका लागि मन्त्रिपरिषद् लगेको प्रस्ताव फिर्ता लिएपछि २ सय ५९ म्यानपावर व्यवसायीले असार मसान्तपछि कामदार उडाउन पाएका छैनन् । लाइसेन्स नवीकरण नहुँदा वैदेशिक रोजगार विभागले आफ्नो प्रणालीमा पृष्ठ २ मा

## लोकतान्त्रिक एशोसिएसनद्वारा मन्त्री र नेताहरुसँग भेटघाट जारी



**काठमाडौं/मस–** वार्षिकरूपमा सय जना कामदारको श्रम स्वीकृति लिन नपाएका व्यवसायीको इजाजतपत्र नवीकरणका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले नेपाली कांग्रेसका नेता तथा मन्त्रीहरूको ध्यानाकर्षण गराउने क्रम जारी राखेको छ । पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

९ साउन २०८१, बुधबार
24 July 2024, Wednesday

# निजामती संघीय कर्मचारी ऐन दुई महिनाभित्र पारित हुन्छः मन्त्री गुप्ता

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ८ साउन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले निजामती संघीय कर्मचारी ऐन दुई महिनाभित्र पारित हुने बताएका छन् ।

नेकपा एमाले जिल्ला कमिटी पर्साले आफ्नै पार्टी कार्यालयमा मंगलबार आयोजना गरेको शुभकामना तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुप्ताले ८ वर्षदेखि विवादित हुँदै आएको संघीय निजामती कर्मचारी ऐन अबको दुई महिनाभित्र पारित गरिने बताए ।



साथै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हुने सरुवालाई नियन्त्रित गरी एक कार्यालयमा एक वर्षसम्म कामकाज गर्न ऐन पनि बनाइने मन्त्री गुप्ताले बताए ।

कार्यक्रममा खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जैसवाल, प्रदेशसभा सदस्य बिना शर्मा, जिल्ला कमिटी अध्यक्ष विशम्वर शर्मा, उपाध्यक्ष एवं छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज गुप्ता, पोखरिया नगरपालिकाका मेयर प्रधुमन चौहान लगायत नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन जिल्ला कमिटी सचिव महेश दासले गरेका थिए ।

# 'जनप्रतिनिधिले शिक्षामा ध्यान नदिँदा प्रतिफल कमजोर'

**हेटौंडा/मस-** नेकपा(माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज विजय गौतमले जनप्रतिनिधिहरुको मुख्य ध्यान शिक्षामा हुनुपर्नेमा त्यसो नहुँदा एसईईको नतिजा कमजोर आएको बताएका छन् ।

मंगलबार अखिल नेपाल राष्ट्रिय स्वतन्त्र युनियन (क्रान्तिकारी) बकैया गाउँपालिका समितिले २०८० सालको एसईई परीक्षामा पालिकास्थित विभिन्न विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई सम्मान गर्न आयोजित कार्यक्रममा नेता गौतमले विकास भनेको सडक, पुल, तटबन्धन मात्र नभएको बताए ।

उनले शिक्षा भनेको पूर्वाधारको पनि पूर्वाधार भएकोले यथेष्ट लगानीसहितको ध्यान सबै पक्षले पुऱ्याउन जरुरी भएको बताए । गौतमले प्रभावकारी शिक्षण सिकाइको लागि सोही अनुरुपको सिकाइ वातावरण निर्माण गर्नेतर्फ सबै तहका जनप्रतिनिधिको चासो हुनुपर्ने बताए ।

सम्मान कार्यक्रममा बकैया गाउँपालिकाका ११ वटा विद्यालयबाट एसईई परीक्षामा सहभागी भइ उत्कृष्ट नतिजा ल्याउने ४६ जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश सचिवालय सदस्य एवम् बागमति गाउँपालिकाका अध्यक्ष सर्केश घलान, नेकपा (माओवादी केन्द्र) मकवानपुर जिल्ला संयोजक भीम पाखिन, बागमती प्रदेश सचिवालय सदस्य एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, सचिव वीर बहादुर घलान(ज्वाला), बागमती प्रदेश कमिटी सदस्य तथा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, पार्टी प्रदेश कमिटी सदस्य लक्ष्मी माझी, बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री, अखिल (क्रान्तिकारी) बागमती प्रदेश कमिटी सचिव रामकृष्ण शिवाकोटी, मकवानपुर जिल्ला कमिटी अध्यक्ष बुद्धराज अर्याल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम गौतम, बकैया गाउँपालिका पार्टी सचिव विमल नेपाल लगायतको उपस्थिति रहेको थियो । अखिल क्रान्तिकारी बकैया गाउँ कमिटीका अध्यक्ष सागर श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रम सचिव दिपेश घिमिरेले सञ्चालन गरेका थिए ।

# झाँझ नदीमा पुरुषको शव फेला

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ साउन

रौतहटको गरुडा नगरपालिकामा एक पुरुषको शव फेला परेको छ । गरुडा नगरपालिका वडा नम्बर ५ झाँझ खोलाको किनारमा अन्दाजी ५० वर्षीय पुरुषको शव तैरिरहेको अवस्थामा स्थानीयहरुले देखेपछि



सशस्त्र प्रहरीलाई खवर गरेका थिए । वेस दुधियाभारबाट सशस्त्र प्रहरी निरीक्षक संजिव कुमार सिंहको कमाण्ड तथा ईलाका प्रहरी कार्यालय गरुडाबाट खटिगएको प्रहरी टोलीले शवलाई बाहिर निकालेर आवश्यक अनुसन्धान अगाडि बढाएको हो । सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गणका एसपी विक्रम हुमागाइँका अनुसार शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ ।

**काठमाडौं...**

पत्ता लागेको चिकित्सकहरू बताउँछन् ।

यसपछि काठमाडौं महानगरपालिकाले ५ बर्षमुनिका बालबालिकालाई पोलियो थोपा खुवाउने योजना बनाएको छ ।

काठमाडौँ महानगरपालिकाको स्वास्थ्य विभागले विशेष पोलियो खोप अभियान चलाउन लागेको हो । अभियान आजै देखि शुरु हुनेछ ।

यसअघि नियमित खोप लिएका बालबालिकालाई समेत यसपटक खोप अनिवार्य गरिएको महानगरपालिकाले जनाएको छ ।

**ट्रंकलाइन...**

सक्दैन ? किन व्यवसायीहरूलाई दिन सक्दैन ?' गिरीको प्रश्न छ ।

नेकपा माओवादी केन्द्रका उपमहासचिव शक्ति बस्नेत सरकारले विधि र पद्धति अनुसार डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद समाधान गर्न अग्रसर नभएको बताउँछन् ।

'कुरा सुशासन र विधिको गर्ने, नियमको गर्ने । समाधान ठाडो निर्देशनमा खोज्ने ?' बस्नेतको प्रश्न छ । उनी थप्छन्, 'सरकार गलत बाटो हिँड्दैछ । म सचेत गराउन चाहन्छु- नियामक निकायहरूको दैनिक कार्यकारी, व्यवस्थापकीय कामहरूमा रुचि देखाएर आफूलाई विवादित नबनाओस् ।'

अमुक उद्योगमा काटिएको विद्युतको लाइन जोड्नेलाई सरकारले प्रतिष्ठाको विषय बनाएको भन्दै उनले सरकार सही बाटोमा अगाडि नबढेको टिप्पणी गरे ।

'अमुक उद्योगमा काटिएको विद्युतको लाइन जोड्ने विषयलाई सरकारले आफ्नो प्रतिष्ठा र मख्य प्राथमिकताको विषय बनाइरहेको छ यो आश्चर्य लाग्दो छ,' बस्नेतले भने ।

निवर्तमान ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री समेत रहेका बस्नेतले विवाद काटिएको विद्युत जोड्ने वा नजोड्ने कुराको मात्र नभएको बताए । उनी थप्छन्, 'स्पष्ट छ- यो विवाद काटिएको विद्युत जोड्ने वा नजोड्ने कुराको मात्र होइन । यो त महसुल असुल गर्ने कि नगर्ने ? महसुल बुझाउने कि नबुझाउने विषयमा केन्द्रित छ ।'

पूर्ववर्ती सरकारले २०८० पुस २४ गते डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद अध्ययन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा 'विद्युत् महसुल विवाद समाधान जाँचबुझ आयोग'बनाएको थियो ।

तीन सदस्यीय आयोगमा ऊर्जा मन्त्रालयका तत्कालीन जलस्रोत तथा सिंचाइ सचिव सुशीलचन्द्र तिवारी, उद्योग मन्त्रालयका तत्कालीन वाणिज्य तथा आपूर्ति सचिव नारायणप्रसाद शर्मा दुवाडी सदस्य थिए ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ जसरी पनि महसुल उठाउने पक्षमा छन् । नयाँ सरकार बनेसँगै घिसिङ डेडिकेटेड तथा ट्रंकलाइन प्रकरणमा आफ्नो अडानमा कमजोर भएका छन् ।

**संख्या...**

उनीहरूको कारोबार रोक्का गरेको छ । मन्त्री भण्डारीले वैदेशिक रोजगार वर्तमानको रहर नभइ बाध्यता भएकाले यसलाई सुधार गरेर व्यवसायीहरू आपसमा खिचातानी नगरी इमानदारपूर्वक एक ठाउँमा उभिन आवश्यक भएको बताए । यसअघि आफू श्रममन्त्री हुँदा अध्ययन कार्यदल गठन गरी समस्याहरूको पहिचान र समाधानको प्रयास गरेपनि आफू बाहिरिएपछि त्यसलाई बिगार्ने र उल्ट्याउने 'स्याबोटेज' गर्ने मात्रै काम गरेर समयको बर्बादी गरिएको भन्दै उनले असन्तुष्टि जनाए ।

नेपाल आउने कामदारको मागपत्र प्रमाणीकरणमा मन्त्रालयले पठाएका काउन्सिलर श्रम र श्रम सहचारीको भूमिका कमजोर बनाएर श्रम मन्त्रालयले आफ्नो अधिकार क्षेत्रमा हस्तक्षेप हुदाँ पनि प्रतिवाद नगरेर बस्नु आफूले अस्वभाविक ठानेको पनि मन्त्री भण्डारीले टिप्पणी गरे । विदेशस्थित नियोगबाट प्रमाणीकरण हुन नसकेका मागपत्र श्रम मन्त्रालयबाट प्रमाणीकरण गर्नेसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्बाट पारित भएको र सम्बन्धित समितिमा पुगेको अवस्थामा फिर्ता भएको देखिएको भन्दै मन्त्री भण्डारीले प्रश्न गरे, 'किन, कसका लागि त्यसो गरिएको हो ?'

बधाई तथा शुभकामना कार्यक्रममा संघका अध्यक्ष राजेन्द्र भण्डारीले संख्या सय समस्या, मागपत्र प्रमाणीकरण, यूएईको बाइक राइडरसहित महिला कामदारको समस्या समाधानका लागि मन्त्री भण्डारीको ध्यानाकर्षण गराएका थिए ।

जवाफमा मन्त्री भण्डारी सबै समस्याको एक-एक गरेर समाधान गर्नुभन्दा सबै दल निकटका व्यवसायी, विज्ञ, मेडिकल, अभिमुखीकरण र बिमा व्यवसायी सम्बद्ध सबैलाई समेटेर उच्चस्तरीय कार्यदल बनाइ समस्याको समाधान गर्ने बताए । उनले कसैलाई ओझेलमा नपारी सबैका समस्या पहिचान र समाधानको पहल गर्नुपर्ने मन्त्रालयको दृष्टिकोण रहेको बताए । मन्त्री भण्डारीले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या समाधानका लागि राष्ट्रिय सहमतिको आवश्यकता रहेकाले त्यसमा व्यवसायीले आफू आबद्ध राजनीतिक दलमार्फत प्रयास गर्न व्यवसायीलाई आग्रह गरे । उनले भने, 'कहिलेकाहीँ एक्लो बृहस्पति पनि झुटो हुने अवस्था हुन्छ । वैदेशिक रोजगारका एजेण्डा र समस्या लगभग पहिचान भएको छ । तर एउटामात्र पक्षले समाधान दिन सक्ने अवस्था छैन । सबै मिलेर जान जरुरी छ ।' मन्त्री भण्डारीले आफ्नो यसपटकको कार्यकालमा लामो समयदेखि समाधान नभएका कुनै पनि समस्या बाँकी नराख्ने गरी काम गर्न चाहेको पनि बताए ।

संघका अध्यक्ष भण्डारीले मागपत्र प्रमाणीकरणमा संख्या तोक्ने दूतावासहरूको तजबिजी शैलीले नेपाली कामदार राम्रो तलब सुविधामा जान नपाएको र रोजगारदाता दिक्क परेको भन्दै मन्त्रालयले मागपत्र प्रमाणीकरणमा दूतावासहरूको तजबिजी शैलीमा सुधार गर्न नसके नेपालीको वैदेशिक रोजगार बजार समाप्तिको दिशामा जाने खतरा रहेको बताए ।

कार्यक्रम सञ्चालन गरेका संघका महासचिव मेघनाथ भुर्तेलले पनि अनलाइन मागपत्र प्रमाणीकरणको नाममा बेथिति चुलिएकाले व्यवसायी निराश हुने अवस्थामा पुगेको टिप्पणी गरे । 'मागपत्र अनलाइन अटोमेसनबाट प्रमाणीकरण सहजताका लागि भनिएको थियो,' उनले भने, 'तर यो सियो बनेर पसी फाली बन्दै छ । फेमिस बाहेक अन्य प्रणाली वैदेशिक रोजगार ऐनले चिन्दैन । यसमा पनि मन्त्रालयले गम्भीररुपमा ध्यान दिन आवश्यक छ ।'

मन्त्रालयका सचिव घनश्याम उपाध्यायले बाइक राइडरको समस्या समाधानको पत्राचार भएको जानकारी दिए । त्यस अवसरमा पूर्वअध्यक्ष प्रेम बहादुर कटुवाल, सल्लाहकार रघुनाथ पुरी, वरिष्ठ व्यवसायी हेम गुरूङ र नवराज केसीसहित सबै घटक संस्थाका अध्यक्ष तथा कार्यसमिति सदस्यहरूको बाक्लो उपस्थिति रहेको थियो ।

**संख्या...**

एशोसिएसनद्वारा गठित सय संख्या समाधान समितिले मंगलबार सरकारमा पार्टीको नेतृत्व गरेका उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहलाई भेटेर संख्या सय समस्या समाधानका लागि आग्रह गरेको छ ।

नेपाली कांग्रेस वैदेशिक रोजगार तथा आप्रवासन विभागका प्रमुख तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रकाश रसाइली 'स्नेही'को संयोजनमा भएको भेटमा लोकतान्त्रिक एशोसिएसनका अध्यक्ष दीपक थापाले करिब एक हजारमध्ये २ सय ५९ इजाजतवाला व्यवसायीको इजाजतपत्र वार्षिकरूपमा सय जना कामदार पठाउन नपाएका कारण नवीकरण नभएकाले यथाशक्य चाँडो नवीकरण गराउनका लागि पहल गरिदिन लिखित अनुरोध पत्र बुझाएका थिए ।

जवाफमा उपप्रधानमन्त्री सिंहले व्यक्तिको पेशा व्यवसाय गर्ने अधिकार कुनै पनि अवस्थामा सुरक्षित रहनुपर्ने भन्दै आफूले तत्कालै विभागीय मन्त्रीसँग समन्वय गर्ने प्रतिबद्धता जनाए ।

एशोसिएसनका प्रथम उपाध्यक्ष विनोदजंग केसीको संयोजकत्वमा गठित समितिले समस्या समाधान नभएसम्म छलफल र दबाबलाई निरन्तरता दिने बताए । समितिले नेपाली कांग्रेसबाट सरकारमा रहेका गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री आरजु राणा देउवा, स्वास्थ्यमन्त्री प्रदिप पौडेल र वैदेशिक रोजगार विभागका महानिर्देशकलगायतलाई भेटेर इजाजत नवीकरण नभएका कारण भिसा आएर विदेश जान तयार भएका कामदारहरुमा परेको नकारात्मक असर र अन्य विषयमा लिखितरुपमै ध्यानाकर्षण गराएको छ । एशोसिएसनको उक्त समितिको सदस्य सचिवमा महासचिव बस्नेत र सदस्यहरुमा कोषाध्यक्ष हेमा गुरुङ, रोशना निरौला, देउ कुमार गौतम (सविन), पंकज कोइराला र अमर तिवारी रहेका छन् ।


## साउदीमा रोजगार ।

कम्पनी : ALGHADEER PACKAGING MATERIALS FACTORY CO
शहर: Saudi Arabia, Alahsa

पूर्व स्वीकृत मितिः २०८१/०४/०८ | चलानी नं.: ६०२२२६३८ | LT. No.: 307949

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Automatic Loom Operator | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १६ गते (31 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1278/074/075
**Gulf Asia Manpower Pvt. Ltd.**
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Hotline.:+977 9802340340 | 9802340341
Email : info@gulfasia.com.np web:www.gulfasia.com.np | Damak Branch: 9801615255


## ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

### आ.व. २०८१/८२ को लागि ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, माटो, (दहत्तर बहत्तर) लगायतका नदीजन्य तथा खानीजन्य पदार्थहरु र ईटा, स्लेट, काठ दाउरा तथा कवाडीजन्य वस्तु/ पदार्थहरुको निकासी कर शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०९)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधि नियमावली र ककनी गाउँपालिकाको विभिन्न नदीजन्य तथा खानीजन्य पदार्थहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), कार्यपालिकाको बैठक र १४ औं गाउँसभाले गरेको निर्णय आदिका आधारमा नदीजन्य तथा खानीजन्य पदार्थहरुः ढुङ्गा, गिटी, बालुवा, ग्रावेल, माटो, (दहत्तर बहत्तर), रोडा, ईटा, काठ, स्लेट आदि वस्तु तथा कवाडीजन्य पदार्थको निकासी कर उठाउनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/संस्था/कम्पनीले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथम पटक यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तपसिल अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र पेश गर्नहुन सार्वजनिक रुपमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण शीर्षक | जम्मा परिमाण (घ.मी.) | कुल न्यूनतम कबोल अंक (मु.अ.क. बाहेक) रु. मा | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 01/ Revenue /kakani/ 2081-082 | ककनी गाउँपालिकाको क्षेत्राधिकारमा रहेका ककनी गाउँपालिका भएर बग्ने कोल्पुखोला, मझुवा खोला, घट्टेखोला खोला, चाउथे खोला, लाकुरे खोला, दोभान खोला, झाकी खोला, सिन्दुरे खोला, मझुवा भलटोल खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसारको परिमाणमा ढुङ्गा, गिट्टी, माटो, वालुवा, ग्राभेल, रोडा, ईटा, काठदाउरा, माटो, स्लेट तथा कवाडीजन्य वस्तुको निकासी कर असुल गर्ने ।<br>क) ढुंगा, गिट्टी, वालुवा, ग्राभेल विक्री तथा निकासी कर प्रति क्यु.फि. रु. ७०० को दरले रु.१,१४,९९,४४५।४४ (एक करोड चौध लाख उनन्सय हजार चार सय पैतालिस रुपैया चवालिस पैसा मात्र) | ४६५६४।- | १,१४,९९,४४५।४४ | रु.५०००।- |
| | ककनी गाउँपालिकाको क्षेत्राधिकारमा रहेको स्वीकृत सञ्चालित खानीहरु (वडा नं. २, ३, ४) बाट विक्री हुने ढुंगा, गिट्टी, वालुवा, ग्राभेल खानीजन्य पदार्थहरु तथा अन्य इट्टा, काठ, स्लेट ब्लक, रिङ, माटो, टायल आदि पदार्थहरु र कवाडीजन्य वस्तुहरु निकासी कर असुल गर्ने ।<br>क) ढुंगा, गिट्टी, वालुवा, ग्राभेल निकासी कर प्रति क्यु.फि. रु. ७०० को दरले रु.१,२१,५१,६५१।०५ पैसा<br>ख) ईट्टाको लोकल प्रति गोटा रु. ०।२५ दरले<br>ग) काठको बाह्य निकासी<br>घ) ब्लक/स्लेट ढुंगा/ह्युम पाईप/रिङ बाह्य निकासी<br>ङ) कवाडी तथा अन्य वस्तुमा निकासी कर<br>(सि.नं. ख, ग, घ, ङ वापतको एकमुष्ठ रु. ६,००,०००।-) | ४९२०४।९४ | १,२१,५१,६५१।०५ | |

राखिएका विस्तृत शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत हेर्न सकिनेछ ।

१. शिलबन्दी बोलपत्र फारम यस गाउँपालिकाबाट यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस गाउँपालिकाको कृषि विकास बैंक रानीपौवा शाखामा रहेको तपसलिको खातामा रु. ५०००। (अक्षरेपि पाँच हजार मात्र) दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न सकिनेछ ।
**राजश्व खाता नं. : ०२१३४०१२५१०३४०९३**

२. हालसम्म नवीकरण भएको इजाजत-पत्र र आयकर दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर प्रमाणपत्र, आ.व. २०७९/८० को कर चुक्ता वा २०८०/८१ को म्याद थपको प्रमाण सहित बोलपत्र फारम भरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेसम्म आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम कृषि विकास बैंक रानीपौवामा शाखामा रहेको **धरौटी खाता नं. ०२१३४०१२५१०३४०४२** मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) संलग्न गरी पेश गर्नुपर्नेछ ।

३. रीतपूर्वक पर्न आएका बोलपत्र फारमहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि कार्यालयलाई बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै गाउँपालिकाको कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र खोल्न सकिनेछ ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको विवरण प्रत्येक चौमासिकमा भुक्तान भएको महिना दिनभित्रै गाउँपालिकामा बुझाउनु पर्नेछ । अन्य कर शुल्क लागेमा ठेकेदार आफैले असुल गरि प्रचलित कानुन बमोजिम दाखिला गर्नुपर्नेछ ।

७. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्दाका बखत कबोल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ । सो नभए प्रथम किस्ता बापतको ४० प्रतिशत रकम (मू.अ.कर समेत) सम्झौता गर्दाको बखत र बाँकी ६० प्रतिशतले हुने रकम (मू.अ. कर समेत) २०८२ को आषाढ मसान्तसम्म म्याद भएको कृषि विकास बैंक एवम् मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

८. तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट बाँकी रहेको किस्ता बैक ग्यारेन्टीबाट असुल उपर गर्ने गरि कानुनी प्रक्रिया अपनाईनेछ । असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असुल उपर गर्न सकिनेछ ।

९. काठ निकासीमा गाउँपालिकाबाट उत्पादन भै बाहिर निकासी हुनेमा मात्र सम्बन्धित डिभिजन वन कार्यालयको चलानी अनुसार कर असुल गर्नु पर्नेछ ।

१०. ईट्टाको हकमा गाउँपालिकाको क्षेत्रमा उत्पादित स्थानीय इट्टामा मात्र कर संकलन गर्न पाईनेछ ।

११. बोलपत्रदाताले बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको बोलपत्र पेश गर्नुपर्नेछ ।

१२. उठाइने करका दरहरु बोलपत्र फारम साथ उपलब्ध गराइनेछ ।

१३. कुनै पनि परिस्थितिजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१४. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नुपर्नेछ । अन्य कुनै कम्पनी वा फर्मको नामबाट पेश गरेको बोलपत्र मुल्यांकनमा समावेश गरिने छैन ।

१५. ठेकेदारले निकासी भएको बराबरको मात्र कर असुल्न पाउनेछ । ठेक्का अघि वा पछिको उत्खनन् तथा संकलन भएको परिमाण दाबी गर्न पाइने छैन ।

१६. ठेक्का अवधि गाउँपालिकासँग सम्झौता भएको मितिले २०८२ अषाढ मसान्तसम्म रहनेछ ।

**सूचनामा उल्लेख भएकोमा यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# सिमकोटका मुख्य सडकको अवस्था बेहाल
# गल्लीका सडक चौडा गर्दै गाउँपालिका

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ८ साउन



हुम्लाको सिमकोट गाउँपालिकाभित्रका मुख्य बजारका सडक जस्ताको तस्तै भएपनि गल्लीका सडक भने चौडा गरिएको छ ।

गाउँपालिकाभित्र पर्ने मुख्य बजारका चोक–चोकका सडक गाडी दोहोरो चल्ने नभएपनि गल्लिका सडक भने चौडा गर्न लागि परेको छ । बजारभित्रका भित्री गल्लिका सडक चौडा गर्दा घर समेत भत्काएर सडक चौडा गर्न लागिएको सिमकोट वडा नं. ५ का स्थानीय लोक्ते वि.कले बताए ।

उनका अनुसार वडा नं.५ मा पर्ने भुवाखाडा सडक तलमाथि लगाएका घर भत्काएर सडक चौडा गरेपनि बजारभित्र पर्ने मुख्य सडक र चोकमा सडक पुरानै यथावत भएको देख्दा दुःख लागेको गुनासो गरे । बजारभित्र मुख्य सडक करिब ४ किलो मिटर छ । उक्त सडक ढलान भएर पक्की भएको भएपनि कतै खुल्ला छ, तर धेरै स्थानमा साँगुरो सडक हुँदा गाडी दोहोरो जान नसक्ने देख्दा स्थानीय सरकार भएको अनुभूती नै नभएको जस्तो भएको गाडी चालक पुरन रोकायाले बताए । स्थानीय सरकारले मुख्य सडक ८ मिटर चौडा गर्ने भनेपनि त्यो बोली कागजमा मात्र सिमित भएको छ ।

सडक चौडा गर्न सोझा गरिब, कुनै पावर नभएकाले जग्गा दिएका छन् भने टाठाबाठा, शक्ति भएकाले भने जग्गा दिएका छैनन् ।

वडा नं. ५ का स्थानीय अदानसिंह रावतले बजारको मुख्य सडक कति बनाउने, कसले कति घर वा जग्गा सडकका लागि दिने भनेर यसअघिका गाउँपालिका जनप्रतिनिधिले ल्याएको योजना कार्यान्वयन नहुँदा मुख्य सडकको यो अवस्थामा पुगेको बताए ।

बजार गल्लिका सडक चौडा भन्दा मुख्य सडक दोहोरो गाडी गुड्ने नबनाउँदासम्म दुर्घटना हुने सम्भावना बढेको देखिन्छ । यता सिमकोट गाउँपालिका अनुसार अब विस्तारै काम अगाडि बडाउने र कसैमाथि दबाब दिएर भन्दा त्यसलाई सहज तरिकाले सडक चौडा बनाउनेतिर लाग्ने बताएको छ ।

त्यस्तै हुम्लामा विस्तारै सडक जोडिँदै छ भने काम पनि विस्तारै गर्ने गाउँपालिकाले लक्ष्य लिएको छ । सिमकोट देखि चीनको सिमाना हिल्सा चल्ने ३० बोलेरो जिप, २० ट्र्याक्टर र ३६ मोटरसाइकल भित्रि सकेका छन् ।

# राष्ट्रिय आविष्कार केन्द्रलाई आर्थिक सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ८ साउन




गैरआवासीय नेपाली तारा–२०२३ (चौथो संस्करण)का आयोजकले राष्ट्रिय आविष्कार केन्द्रलाई आर्थिक सहयोग गरेका छन् । गैरआवासीय नेपाली संघ (एनसीसी) कतार र तमु (गुरुङ) समाज कतारको संयुक्त आयोजनामा सम्पन्न 'गैरआवासीय नेपाली तारा सिजन ४'को आम्दानीबाट बचत भएको रकममध्येबाट ३ लाख ५१ हजार रुपैयाँ सहयोग स्वरूप आविष्कार केन्द्रको खातामा जम्मा गरिएको छ ।

'नेपाली कला संस्कृतिको सम्मान गरौं, प्रवासमा रहेको प्रतिभाको खोजी गरौं' भन्ने नाराका साथ राष्ट्रिय आविष्कार केन्द्रको सहयोगार्थ, प्रवासमा लुकेर बसेको कलालाई प्रस्फुटन र उजागर गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा कुल ८२ हजार २ सय १० रियाल आम्दानी, ६९ हजार ५ सय ४२ रियाल खर्च हुँदा १२ हजार ६ सय ६८ रियाल बचत भएको एनसीसी कतारका कोषाध्यक्ष बुद्ध पाण्डेले मध्यान्हलाई विवरण उपलब्ध गराएका छन् । पाण्डेले केही रकम उठ्न अझै बाँकी रहेको समेत जानकारी दिए ।

आयोजकहरूबीच प्रतियोगिताको बचत रकम मध्येबाट ६५ प्रतिशत मात्र आविष्कार केन्द्रलाई पठाउने संयुक्त सहमतिमा प्रतियोगिताको आयोजना गरिए पनि बचतको अधिकांश रकम पठाइएको तमु (गुरुङ) समाजकी अध्यक्ष तथा प्रतियोगिताकी संयोजक टौमाया गुरुङले बताइन् ।

राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक डा. महावीर पुनलाई प्रतियोगिताको फाइनलमा ल्याउन नसके पनि एक पटक कतार निम्त्याएर रकम हस्तान्तरण गर्ने योजना भएता पनि उनी नेपालका ७७ वटै जिल्लामा पुगेर आफ्नो जीवन कथामा आधारित पुस्तक बेच्न व्यस्त भएका कारण रकम आविष्कार केन्द्रको खातामा जम्मा गरिएको एनसीसी कतारका अध्यक्ष रमेश भट्टले बताए । २ फेब्रुअरी २०२४ मा सम्पन्न उक्त प्रतियोगितामा गायन विधातर्फ रुस्तम तामाङ र नृत्य विधातर्फ निरु श्रेष्ठले उपाधि चुमेका थिए ।

# हेटौंडामा ९० जनाको निःशुल्क आँखा परीक्षण



**हेटौंडा/मस–** टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडा उपमहानगरपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा भएको निःशुल्क आँखा परीक्षण शिविरमा ९० जनाको आँखा परीक्षण गरिएको छ। मंगलबार हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा हेटौंडा–१९ स्थित तपोवन टोल विकास संस्थामा मधुमेहका बिरामी तथा ५० वर्षभन्दा बढी उमेर भएका व्यक्तिहरूको आँखाको पर्दा जाँच गरिएको हो ।

नेपालमा पछिल्लो समय मधुमेह र उच्च रक्तचापका बिरामी बढ्दै गएसँगै त्यसले आँखामा असर पार्ने हुँदा आँखा परीक्षण शिविरको आयोजना गरिएको टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले बताए । मधुमेह र उच्च रक्तचापले मानव शरीरको विभिन्न अंगहरुमा असर गर्ने र सबैभन्दा पहिले आँखाको दृष्टिपर्दा अर्थात रेटिनामा असर गर्ने भएकाले सोसम्बन्धी जनचेतना फैलाउने पनि कार्यक्रमको उद्देश्य रहेको अध्यक्ष अधिकारीले बताए ।

साथै ५० वर्षभन्दा माथि उमेर समूहका व्यक्तिहरुमा आँखासम्बन्धी समस्या धेरै आउने, तर अधिकांश व्यक्तिहरू परीक्षण गर्न नजाने कारणले यो कार्यक्रम निकै प्रभावकारी हुने भन्दै कार्यक्रम नगरका सबै वडामा सञ्चालन गरिने आयोजकले जनाएको छ । मंगलबार भएको शिविरमा परीक्षण गरिएकामध्ये २० जना बिरामीको आँखामा समस्या देखिएको अस्पतालका प्रशासन प्रमुख सुधिर श्रेष्ठले बताए ।

टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको आँखा परीक्षण शिविर शुभारम्भ कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १९ का अध्यक्ष नरनाथ सुवेदी, हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा.सुनिल थकाली, प्रशासन प्रमुख सुधिर श्रेष्ठ, प्राविधिक मिनबहादुर रोकाया, टोल विकास वडा समन्वय समिति हेटौंडा–१९ का अध्यक्ष देवेन्द्र अर्याललगायतको आतिथ्यता रहेको थियो ।

# स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै त्रिपुरासुन्दरी



**पूर्ण कुमार/मध्यान्ह**
डोल्पा, ८ साउन

हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी र प्रसुति केन्द्रको सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने भएको छ । स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन पालिका स्वास्थ्य शाखाले मासिक बैठकलाई तीव्रता दिँदै आएको छ ।

स्वास्थ्य संस्थामा औषधिको मौज्दात, जनशक्तिको नियमितता, उपलब्ध सेवाप्रवाहको अवस्था, व्यवस्थापन पक्षको कार्यशैली लगायत सुधार गर्नुपर्ने पक्षको बारेमा मासिक बैठकमा छलफल हुने गरेको छ । नगरपालिकाभित्रका स्वास्थ्य चौकीमा देखिएका समस्या चुनौती र समाधानका उपाय खोज्न मासिक बैठकलाई जोड दिने गरिएको स्वास्थ्य शाखा इन्चार्ज तुलबहादुर श्रेष्ठले मध्यान्हलाई जानकारी दिए।

त्रिपुरासुन्दरी नगरपालिकाका नगरप्रमुख जनचन्द्र रोकाया, निमित्त प्रमुख प्रशासकीय अधिकृत हिराचन्द्र धराला र सामाजिक विकाश शाखा संयोजक तथा वडा नम्वर ३ का वडाअध्यक्ष भक्तबहादुर केसीको समेत उपस्थितिमा हुने मासिक बैठकमा नयाँ आर्थिक वर्ष २०८१/०८२ को सुरुवातमै बैठक बसेको हो ।

चालु आवमा स्वास्थ्य सेवा प्रवाह के कस्तो रह्यो ?, नगरवासीले सुलभ स्वास्थ्य सेवा प्राप्तिमा के कस्तो झन्झट व्यहोर्नु पर्‍यो ?, औषधिको आपूर्तिदेखि प्रसुति केन्द्रमा आउने गर्भवती महिलाले के–कस्ता समस्या झेल्नु पर्‍यो ?, जनशक्तिको अवस्था नगरपालिकाले गर्नुपर्ने जिम्मेवारी लगायतका पक्षमा अन्तरक्रिया समेत गरिएको शाखा प्रमुख श्रेष्ले बताए ।

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनेतर्फ कुनैपनि कसुर बाँकी नरहने स्वास्थ्य संस्थाको आवश्यकता माग र सृजित समस्याको आधारमा नगरपालिका सहयोग गर्न तयार रहेकोले सेवा प्रवाहमा कुनै किसिमको कमी हुन नदिन नगरप्रमुख जनचन्द्र रोकायाले निर्देशन दिए । त्रिपुरासुन्दरी नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी, ५ आधारभूत स्वास्थ्य केन्द्र, २ वटा सामुदायिक इकाइ र ५ स्वास्थ्य चौकी अन्तर्गत ४ ओटा प्रसुति केन्द्र रहेका छन् ।

# मदन पुरस्कारका लागि पाँच कृति छनोट




**काठमाडौं/मस–** मदन पुरस्कार गुठीले 'मदन पुरस्कार २०८०' का लागि पाँच कृति छनोट गरेको छ ।

गुठीले मंगलबार ०८० मा प्रकाशित भएका विभिन्न तीन सय चार वटा पुस्तकमध्ये पाँच वटा कृति छनोट गरी सार्वजनिक गरेको हो ।

गुठीले भक्त स्याङ्तानको 'डम्फुको आत्मालाप', मोहन मैनालीको 'मुकाम रणमैदान', जीवन क्षेत्रीको 'नुन–तेल', भावेश भुमरी र प्रणिता चामलिङको 'भावलिपि' र रोशन थापा नीरवको 'सन्त्रासका साठी दिन'लाई उत्कृष्ट कृतिमा छनोट गरेको छ ।

छनोट भएका पाँचमध्ये सबैभन्दा बढी उत्कृष्ट कृतिले २०८० सालको मदन पुरस्कार प्राप्त गर्नेछ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MOHAMMED BIN SALEH AL-HASAWI GENERAL CONTRACTING COMPANY — शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८१/०४/०८ — चलानी नं.: ६०२२२५९९ — L.T. No.: 307876

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ABDULLAH HASSAN AL ANBARI CONTRACTING EST — शहर: Saudi Arabia, Al Khobar
पूर्व स्वीकृत मिति: २०८१/०४/०८ — चलानी नं.: ६०२२२६३७ — L.T. No.: 307946

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Construction Supervisor | 1 | 0 | स. काममा दक्ष | 2000 | ७१,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: RAPID LATHE WORKSHOP FOR TURNING — शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०४/०८ — चलानी नं.: ६०२२२६३६ — L.T. No.: 307947

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lathe Operator | 1 | 0 | स. काममा दक्ष | 2500 | ८९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: TAWEEL GENERAL CONTRACTING COMPANY — शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०४/०८ — चलानी नं.: ६०२२२६३४ — L.T. No.: 307948

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ANSAB GENERAL CONTRACTING CO. — शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०४/०८ — चलानी नं.: ६०२२२६२९ — L.T. No.: 307945

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Builder | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Worker | 25 | 0 | | 1000 | ३५,६१० | | | | | | | |
| 3. | Heavy Equipment Driver | 17 | 0 | | 2500 | ८९,०२५ | | | | | | | |
| 4. | Light Driver | 10 | 0 | | 1500 | ५३,४१५ | | | | | | | |
| 5. | Light Equipment Mechanic | 1 | 0 | | 1500 | ५३,४१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १६ गते (31 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ०९९/०५३/००५४
**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
Right People For Right Job At The Right Time
Mobile : 9801314441 | 9801314442 | 9801314443 | 9801314445



## साउदीमा रोजगार

कम्पनी: SAUDI CERAMIC COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/०८ — चलानी नं.: ६०२२२६३२ — LT. No.: 307924

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८१ साउन १६ गते (31 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।


LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५४२०५६२ ५४५५१८० ५४५०६३४ ५४५५१४४.
Email- info@merocvs.com / info@luckyhrsolution.com



## कुवेतमा रोजगार

कम्पनी : NESTO HYPER MARKET COMPANY W.L.L — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/११/२३ — चलानी नं.: ६०२१६२०६ — L.T. No.: 301178 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Worker | 62 | 0 | स. काममा दक्ष | 100 | ४३,६९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १७ गते (1 August 2024) मा हुनेछ ।

